नेपाल नागरिक उड्डयन प्राधिकरण
विराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालय, विराटनगरको
**नव-निर्मित व्यापारिक भवन ३ को आय सङ्कलनको ठेक्का** सम्बन्धि सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१०)

यस कार्यालयको स्वामित्वमा रहेको विराटनगर विमानस्थल क्षेत्र बाहिर विराटनगर-४ स्थित कन्चनबारी केशलिया नहरबाट पश्चिम तर्फ नोबेल अस्पताल जाने बाटोमा बनेको १५ वटा शटर भएको नव-निर्मित व्यापारिक भवन ३ नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ बमोजिम बोलपत्रको माध्यमद्वारा बढाबढको प्रकृयाबाट ३(तीन) वर्षको लागि बहालमा लगाई ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त गरेका इच्छुक संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फारम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको विशालबजार स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु.३३९०/- (अक्षरेपी तीन हजार तीन सय नब्बे रूपैंया मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयमा पेश गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्न ईजाजत पत्र आवश्यक पर्ने भएमा सोको प्रतिलिपि, सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र व्यवसाय सञ्चालन गर्ने, काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको, कालोसूचीमा नपरेको वा प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको भनी लिखित रुपमा गरेको स्वःघोषणा पत्र यस कार्यालयमा पेश गरी बोलपत्र फारम खरिद गर्न सकिन्छ ।

२. बोलपत्र सम्बन्धि सूचना प्रकाशित भएको मितिबाट २१(एक्काइस) औं दिनको कार्यालय समय भित्र खरिद गरी २२(बाइस) औं दिनको १२:०० बजे भित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरी सोको अर्को दिन सोही समय र स्थानमा बोलपत्र दर्ता गरिने र खोलिने छ । साथै बोलपत्र दर्ता गर्ने अन्तिम दिन पनि सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र दर्ता गरिने र खोलिने छ ।

४. नव-निर्मित व्यापारिक भवन ३ सञ्चालनको लागि ठेक्का अवधि ३(तीन) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु.३०,७२,७८५/२८ (अक्षरेपी तीस लाख बहत्तर हजार सात सय पचासी रुपैंया र पैसा अठ्ठाइस मात्र) कायम गरिएको छ। साथै दोस्रो बर्षदेखि बहाल रकम नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., विराटनगरमा रहेको धरौटी खाता नम्बर ००८०१०३०००२२३५ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर **नव-निर्मित व्यापारिक भवन ३ को आय सङ्कलनको ठेक्का** स्पष्ट लेखी श्री विराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालय, विराटनगरलाई सम्बोधन गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

७. बोलपत्रको दररेट भर्दा अङ्क र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. रीत नपुगी, म्याद नाघी, शर्त सहित पेश भएको वा तोकिएको कागजात पेश भई नआएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

११. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१२. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१३. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ

विमानस्थल प्रमुख
विराटनगर विमानस्थल नागरिक उडडयन कार्यालय